नेवाः राष्ट्रमा जुगि जातिको परम्परागत आवास सतःछेँ तथा आवासीय समस्या : संक्षिप्त श्वेतपत्र

• तःधीमैं जुगिनी — रुक्शना कपाली

नेवाः राष्ट्रको परिचय

नेपाल देशमा एक सय भन्दा बढी संख्यामा जातजातिहरू बसोबास गर्दछन् । तिनै जातजातिहरू मध्ये नेवाः जाति पनि एक मूलजाति हो । नेवाः जाति नेपालको आदिवासी जाति हो । यस जातिले आफूलाई **"नेवाः"** भन्छन् जसको मूलशब्द **"नेवाल"** हो । अरू जातिहरूले यस जातिलाई **"नेवार"**, **"बाइ"**, लगायत विभिन्न नामले सम्बोधन गर्ने गरेको छ । बहुराष्ट्रिय देश तथा राष्ट्र भित्रको राष्ट्रका अवधारणाबाट नेवाः जाति एउटा **राष्ट्र / Indigenous Nationality** पनि हो । नेवाः राष्ट्रको उत्पत्ति थलोलाई **नेपाल मन्दः (नेपाल मन्दल)** वा **नेपाल मण्डल** भन्ने गरिन्छ । यो एउटा ऐतिहासिक तथा सांस्कृतिक भूखण्ड हो जुन हालको बागमती प्रदेशको मध्यमा अवस्थित छ । नेपाल मन्दलको सीमा इतिहासका विभिन्न कालखण्डमा केही परिवर्तन परिमार्जन हुँदै गरेको देखिन्छ । तथापि ऐतिहासिक नेवाः थातथलोलाई **नेपाल मन्दल** भनिएको भन्ने बुझ्न सकिन्छ । नेपाल मन्दलको पनि केन्द्रका रूपमा **नेपाल उपत्यका (नेपाः उपत्यका)** रहेको पाइन्छ । यसलाई अहिले **काठमाडौं उपत्यका** पनि भन्न थालिएको छ । नेवाः राष्ट्रको मातृभाषा **नेपाल भाषा** हो । **नेपाल भाषा**का विभिन्न भाषिका, स्थानीय तथा जातिय भेदहरू छन् । नेपाल भाषामा **नेपाल लिपि**, **रञ्जना लिपि**, **भुजिंम्वः लिपि** लगायत विभिन्न लिपिहरूको प्रयोग गरिन्छ ।

नेवाः राष्ट्रमा जातिय विविधता

नेवाः राष्ट्र एक बहुलतामा आधारित रहेको छ । मल्लकालीन समय सम्म नेवाः जनसंख्याको आफ्नै छुट्टै देश थियो । त्यसलाई **नेपाल मन्दल** भनिन्थ्यो । त्यसलाई **नेवाः राज्य** पनि भन्ने गरेको पाइन्छ । नेपाल मन्दलमा थुप्रै राज्य तथा उप-राज्य थिए । इतिहासको विभिन्न कालखण्डमा विभिन्न स्थानहरूबाट विभिन्न पृष्ठभूमीका मानिसहरू **नेपाल मन्दल** आए । कालान्तरमा उनीहरू अन्तरघुलन भए । यही विविध पृष्ठभूमीको अन्तरघुलनमा एक संयुक्त समाजको निर्माण भयो । त्यही समाज **नेवाः समाज** हो । यस नेपाल मन्दलमा सर्वप्रथमतः आफ्नो राष्ट्रियता स्थापित

गरेको हुनाले नेवाः जातिलाई नेपाल मन्दलको **प्रथम राष्ट्र (First Nation)** पनि भनिन्छ । तसर्थ नेवाः राष्ट्र भित्र थुप्रै जातजाति छन् ।

नेवाः राष्ट्रमा जात व्यवस्था

नेवाः राष्ट्रमा मल्लकालीन समय देखि जात व्यवस्था देखिन्छ । शाह काल तथा राणा कालको शासनले यसमा थप आयामहरू थपिदिएको पाइन्छ । नेवाः समाजको जात व्यवस्थाको प्रकृति पृथक रहेको देखिन्छ । नेवाः राष्ट्रका विभिन्न जातिय समाजलाई नै जात व्यवस्थामा विभाजित गरिएको पाइन्छ । नेवाः राष्ट्रको विभिन्न जातजातिको फरक-फरक उत्पत्ति, रीतिरिवाज, सांस्कृतिक मूल्यमान्यता छन् । तथापि नेवाः राष्ट्रका विभिन्न जातजातिहरू जात व्यवस्थाले उत्पीडनमा परेका छन् । नेपाल भाषामा **"क्वलाकातःगु जात"** (तल पारिएका जात), **"थजाः - क्वजाः धापू"** (ठूलो जात - सानो जात अवधारणा) जस्ता शब्दावलीको प्रयोग गरिन्छ । **"थजाः - क्वजाः धापू"** को अर्थ **"जात व्यवस्था"** हो । **"क्वलाकातःगु जात"** को अर्थ **"तल पारिएको जात"** भएतापनि यसले "दलित" शब्द जस्तै कुनै निश्चित जातका मानिसहरूलाई वर्गिकरण गर्दैन तथापि जात व्यवस्थामा कुनै उच्च कहलिएका जातको तुलनामा तल पारिएका भन्ने जनाउँछ । नेवाः समाजको जात व्यवस्था तहगत भएको हुनाले कुनै निश्चित जातका समूहलाई एकमुष्ट "दलित" भनि सम्बोधन गर्न सक्ने अवस्था छैन । नेवाः समाज भित्र "दलित" शब्दको अपनत्व छैन र कसैले त्यसरी पहिचान गरेको पाइँदैन ।

जुगि जाति

नेवाः राष्ट्र अन्तर्गतका विभिन्न जातजाति मध्ये जुगि जाति एक हो । यस जातिमा मुख्यतः **कपाली, दर्शनधारी** तथा **कुश्ले** थरहरू प्रयोग गरिन्छ । यस जातिले आफ्नो **देगु द्यः (कुलदेवता)** का रूपमा **गोरखनाथ**लाई पुज्ने गर्दछन् । जुगि जाति आफूलाई **नाथ सम्प्रदाय**को मान्दछन् । जुगि जातिमा आफ्नै जातिको **ग्वबाःजु (पुरोहित)** हुन्छ । यस जातिले बर्मुं (ब्राह्मण) वा गुभाजु (बज्राचार्य) पुरोहित राख्दैन । यस जातिमा मानिसको मृत्यु भइसकेपछी **लाशलाई गाढ्ने** परम्परा छ ।

जुगि जातिको परम्परागत पेशा

जात व्यवस्थामा निश्चित जातका मानिसहरूको लागि उनीहरूले गर्नैपर्ने वा गर्न सक्ने पेशा तोकिएको हुन्छ । जुगि जातिको नेवाः समाजमा मुख्यतः मृत्यु संस्कारमा भूमिका रहेको पाइन्छ । नेवाः बस्तीहरूमा भएका **"प्यकालँ"** (चारदोबाटो) तथा **"द्वपाः"** (दोबाटो) को केन्द्र वा मध्यलाई **"छवास"** भनिन्छ । यस्ता **"छवास"**मा प्रेतात्मा वास गर्ने जनविश्वास छ । कुनै परिवारको सदस्यको मृत्यु भएमा उसको लुगाहरू यही **"छवास"**मा चढाइन्छ जसलाई **"छवासय् वायेगु"**

भनिन्छ । उसको नाममा पकाइएको **"पाखा जा"** भनिने अन्तिम भात यहीं चढाइन्छ । मृत्यु भएको सात दिन पछी मृतकको नाममा खाद्यपरिकार बनाई **"छवास"**मा चढाइन्छ जसलाई **"न्हयनुमा"** भनिन्छ । **"छवास"**मा चढाइएको वस्तु सामाग्रीबाट अशुद्धतालाई फुकेर शुद्ध बनाई आफ्नो घर लाने जुगि जातिको परम्परागत भूमिका हो । यस्तै **"छवास"** को नजीकै राख्नका लागि **"सतःछेँ"** बनाई जुगि जातिलाई राखिएको हुन्छ । त्यसै गरी प्रायः **"देगः" (मन्दिर)** को रेखदेख गर्न त्यसै मन्दिर आसपास **"सतःछेँ"** बनाई जुगि जातिलाई राखिएको हुन्छ । घरमा कुनै भोज हुँदा मृत्यु भइसकेका परिवारका सदस्य तथा पुर्खाका नाउँमा एउटा खाद्यान्न भाग छुट्याइन्छ जसलाई **"सिकीब्व"** भनिन्छ । यस्ता भाग जुगि जातिलाई दिएर पठाइन्छ जसलाई **"त्वालय् कायेगु"** भनिन्छ । त्यसै गरी **"सतःछेँ"** को **"सतः"**मा बसी जुगि जातिले **"सुचिकाःज्या" (सिलाईको काम)** पनि गर्दछन् । यस बाहेक **"घःमां / बैघ" (झारफुक गर्ने काम)** तथा **"दिरि अजि" (सुँडेनी)** को काम पनि गर्छन् । कुनै सुमंगल कार्यका लागि नभइ नहुने तथा देवीदेवता समेत आकर्षित बनाउन सक्ने मान्यता रहेको **"म्वहालि"** बाजा पनि यसै जातिले बजाउने गर्दछ ।

जुगि जातिलाई हुने जातिय विभेद

जात व्यवस्थामा जुगि जाति एक उत्पीडित समुदाय हो । जातका आधारमा विभेद, भेदभाव, छुवाछुत, वहिष्करण, अवहेलना लगायत जात व्यवस्थाले निम्त्याउने विभिन्न प्रकारका हिंसा तथा असमानताको शिकार हुन बाध्य भएको समुदाय हो । मुलुकी ऐन, १९१० ले संस्थागत गरेको जात व्यवस्थामा कुस्ले नामले जुगि जातिलाई पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने भनि वर्गिकरण गरिएको थियो ।

सतःछेँको बास

परम्परागत पेशा तथा ऐतिहासिक-सांस्कृतिक-सामाजिक कारणले जुगि जातिको बसोबास **"सतःछेँ"**मा हुन गएको हो । **"सतःछेँ"** लाई **"सत्तलघर"** पनि भन्ने गरिएको छ । **"फल्चा" (पाटीपौवा)** एकतल्ले मात्र हुन्छ । यो प्रायः बाटो रहेको भुइँ सतह भन्दा केही उकासिएको जगमा एकतल्ले संरचना हुन्छ । यो सार्वजनिक प्रयोग प्रचलनका लागि बनाइएको हुन्छ । बाटो हिँड्ने बटुवाहरूको लागि थकाई मार्न तथा ओत लिनका लागि यो बनाइएको हुन्छ । त्यसै गरी टोलछिमेकका मानिसहरूको सामाजिकिरण हुने थलो पनि हो । कतिपय फल्चाहरूमा भजन गाउने लगायत थुप्रै धार्मिक-सांस्कृतिक कार्य हुने गर्दछ । **"फल्चा"**को माथी छाना हुन्छ । **"सतःछेँ"**को भुइँतल्ला पनि **"फल्चा"** जस्तै हुन सक्छ । प्रायः फल्चाहरू चारै तर्फबाट खुल्ला हुने गर्दछ । विभिन्न **"थां (थाम)"** बाट छाना अडाइएको हुन्छ । छेउछाउमा घर भएमा मात्र चारैतर्फ खुल्ला हुँदैन । तर **"सतःछेँ"** केवल एकतर्फबाट मात्र खुला हुन्छ । यसको भुइँ तल्ला **"थां (थाम)"**को आडमा नभएर तीन तिर भित्ताकै आडमा हुन्छ । **"फल्चा"** जस्तै **"सतःछेँ"** एक तल्ले हुँदैन,

बहुतल्ले हुन्छ । **"सतःछेँ"**को भुइँतल्ला **"सतः"**को प्रयोजन **"फल्चा"**को जस्तै हुन सक्छ । यद्यपि त्यसमाथी रहने घरको प्रयोजन नितान्त नीजि हुन्छ ।

आवासीय समस्या

प्रायतः प्रशासनिक कामकाजमा खटिएका मानिसहरू तथा सरकारी निकायहरूबाट **"सतःछेँ"** र **"फल्चा"** बीच फरक छुट्याउन नसकेको हुनाले प्रायः **"सतःछेँ"** हरू पाटीका रूपमा दर्ता भई सार्वजनिक सम्पत्तिको रूपमा सरकारको नाउँमा हक कायम भएको छ । यसकारण जुगि जातिको ऐतिहासिक पुर्ख्यौली बसोबास रहेको आवासबाट उनीहरूको हक खोसिएको छ । यही जुगि जातिको आवासीय समस्याको मुख्य जड हो । यसै मुख्य समस्याले अनेकैं अन्य समस्याहरू निम्त्याएका छन् । मुख्यतः यस कारणले जुगि जाति घरबारविहीनता, उठीबासको संहार तथा सुकुमबासीको रूपमा परिणत हुने समस्याहरू निम्तिएको छ । आफ्नो हकभोगको घरजग्गा सरकारको नाउँमा हक कायम भएपछी आवाससँग सम्बन्धित सबै सम्पूर्ण पक्षमा दुरगामी प्रतिकूल असर पुगेको छ । यद्यपि जात व्यवस्थाले निम्त्याएको शैक्षिक, भाषिक, आर्थिक लगायतका सिमान्तिकरणका कारण यस जातिले आफ्नो पुर्ख्यौली बसोबासको घरजग्गामा आफ्नो हक कायम गराउन सकेको अवस्था देखिँदैन । राज्यबाट पनि **"सतःछेँ"** र **"फल्चा"** बीचको भिन्नता बुझ्न नसकेको हुनाले यो समस्याले विकराल रूप लिएको छ ।

मागदाबि

जुगि जातिले भोगिरहेको यस आवसीय समस्याको समाधान गर्नका लागि देहायका मागदाबि अघि सारिएका छन् । यस समस्यामा सरकारले समिति गठन गरी विस्तृत अध्ययन अनुसन्धान गर्नुपर्छ । जुगि जातिलाई आफ्नो पुर्ख्यौली, पुस्तौनी र/वा परम्परागत बसोबासको **सतःछेँ**बाट बसोबास हटाउने कार्य रोक्नुपर्छ । ऐतिहासिक नेवाः बस्तीहरूमा अवस्थित **"पाटी"** भनि दर्ता भएका संरचनाहरू कुन वास्तविक **फल्चा (पाटी)** हो र कुन **सतःछेँ (सत्तलघर)** हो भन्ने यकीन गरी तिनलाई खुट्याउनुपर्छ । **सतःछेँ**लाई पाटी भनि दर्ता गर्ने कार्य रोक्नुपर्छ । **सतःछेँ**लाई पाटी भनि दर्ता गरिएको पाइएमा दर्ता बदर हुनुपर्छ । **सतःछेँ**लाई घरजग्गाका रूपमा दर्ता गरिनुपर्छ । कैफियतमा सम्म **सतःछेँ** भन्ने व्यहोरा जनाउन सकिन्छ । विभिन्न स्थानीय सरकार पालिकाहरूबाट सूचना जारी गरी **सतःछेँ**हरूमा बसोबास गरिरहेका गर्दै आएका जुगि जातिका घरपरिवारलाई आफू बसोबास गरिआएको **सतःछेँ**को स्थान खुलाई आफू त्यहाँ बसोबास गर्दै आएको कुनै लिखित दसिप्रमाण भए सो पेश गरी अथवा कुनै लिखित प्रमाणको अभावमा वडा कार्यालयबाट टोल साक्षी सर्जिमी गरी गराई निवेदन पेश गर्न आवहान गर्नुपर्छ । आवश्यक एवं उचित मापदण्ड तथा प्रावधान निर्माण गरी त्यसरी पेश भएको निवेदनमा संलग्न सिप्रमाणबाट उनीहरूको त्यस स्थानमा बसोबास देखिन्छ भने उनीहरूको त्यस घरजग्गामा हक कायम गरिनुपर्छ । हाल बसोबास भएका

परिवारहरूको मात्र नभएर विस्थापित भइसकेका परिवारको पनि हकाधिकार सम्बोधन हुनुपर्छ । कुनै **सतःछेँ**बाट विस्थापित भई त्यस **सतःछेँ**सँग जोडिएका परिवारलाई फर्काउन असम्भव भएको अवस्थामा सकेसम्म आफ्नो पुर्ख्यौली बसोबास निकट अर्को आवासको प्रबन्ध गरिनुपर्छ । साथै विस्थापित भएको स्थानमा जुगि जातिको अस्तित्व तथा बसाइँको इतिहास नमेटिने गरी शिलापत्रमा उल्लेख गरी वा अन्य कुनै ढङ्गबाट कुनै स्वरूपमा दस्तावेजिकरण वा अभिलेखिकरण गर्नुपर्छ । सम्बन्धित जनसमुदायको सहज सरल पहुँच सुनिश्चित गर्नका लागि **स्थानीय नेपाल भाषा**को समान प्रयोग प्रचलन सुनिश्चित हुनुपर्छ । निरक्षर तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि सहज सरल पहुँच हुनुपर्छ । ऐतिहासिक नेवाः बस्तीहरूको पृथक संरचना, पृथक वास्तुकलात्मक बनोट, पृथक बनोट, पृथक ऐतिहासिक पुरातात्विक सांस्कृतिक परम्परागत धार्मिक व्यवस्था लगायतका पृथकतालाई केन्द्रमा राखी यसको मौलिकता, ऐतिहासिकता तथा सांस्कृतिक विशेषताको संरक्षण तथा संवर्द्धन हुने गरी साथै यिनका ऐतिहासिक तथा सांस्कृतिक विभेद, असमानता तथा उत्पीडनको अन्त्य हुने गरी पनि संघीय, प्रदेश तथा स्थानीय तीनै तहमा विशेष कानून तर्जुमा हुनुपर्छ । नेवाः राष्ट्र भित्रको जुगि जातिको ऐतिहासिक जातिय उत्पीडन, विभेद तथा हिंसा एवं उनीहरूको आवसीय हक अधिकारलाई सम्बोधन गर्ने कानून प्रदेश तथा स्थानीय दुबै तहमा विशेष कानून तर्जुमा हुनुपर्छ । नेवाः राष्ट्र भित्रका जातजातिको पहिचान गरी तिनीहरूले प्रयोग गर्ने थरहरूको सूचिकरण हुनुपर्छ । यसमा जातिय विभेद तथा असमानताको सोपानलाई यकीन गरी सबैभन्दा उत्पीडितलाई सबैभन्दा बढी प्राथमिकता पाउने गरी सकरात्मक विभेदका नीति कानून अवलम्बन हुनुपर्छ । नेवाः राष्ट्रमा भएको जातिय विभेदको समस्यालाई सम्बोधन गर्ने एवं **क्वलाकातःगु जात (तल पारिएको जात)** को समस्यालाई सम्बोधन गर्ने गरी कानून नीति अवलम्बन हुनुपर्छ ।

लेखक : तःधीमैं जुगिनी — रुक्शना कपाली ।

ठेगाना : सिमाक्वय्, पतक्व टोल, यल / ललितपुर महानगरपालिका वडा नं १६, यल / ललितपुर जिल्ला, नेपाः उपत्यका ।

मिति : नेपाल संवत् ११४३ दिला (९) महिना १५ गते, आइतबार ।

तिथि : नेपाल संवत् ११४३ दिला (९) महिना थ्व (शुक्ल पक्ष) झिनप्यमिला (चतुर्दशी) ।

***